प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY

वर्ष–१६ ।। अङ्क : ३३४ ।। २०८१ माघ १५ गते मंगलबार (28th Jan 2025 Tuesday)

**Pratidin** National Daily

मूल्य–रु.५/–

**भूकम्पबाट जोगिन सचेत बनौं**

- भूकम्पको वेला जोगिने उपायहरूको पूर्वअभ्यास गरौं,
- भूकम्पबाट जोगिन पूर्वतयारी गरौं,
- आफ्नो घरको संरचना ख्याल गर्दै भूकम्प प्रतिरोधी बनाऔं,
- परिवार र समुदायलाई भूकम्प सुरक्षाबारे जानकारी गराऔं,
- भूकम्प आउँदा सुरक्षित स्थानमा बसौं,
- आपतकालीन सामग्री (पिउने पानी, औषधी, बत्ती,खाजा) तयार गरेर राखौ,
- भूकम्पको सम्भावित जोखिमवाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## बिर्तामोड र दमकमा लागूऔषधको डिलर

# प्रहरीकै मिलेमतोमा कारोबार हुने गरेको गुनासो



झापा(प्रस) । देशकै लागूऔषधको मुख्य ट्रान्जिट पोइन्ट बनेको झापामा प्रहरीले प्रायः हरेक दिन लागूऔषध पक्राउ गर्ने गरेको छ । तर, प्रहरीले संख्यात्मक हिसाबले जति लागूऔषध सेवनकर्ता पक्राउ गरिरहेको छ , त्यति नै धेरै लागूऔषधको कारोवार बढ्दै गएको छ ।

मुख्य ट्रान्जिट पोइन्ट झापामा लागूऔषध सेवनकर्ता र खुद्रा व्यापारी मात्र पक्राउ परेर ठूला डिलर पक्राउ नपर्नुले प्रहरी प्रशासनकै मिलेमतोमा लागूऔषध कारोबार हुने गरेको आरोप लागेको छ। प्रहरी प्रशासनले ड्रग्स माफियाहरुलाई पक्राउ गरी लागूऔषधको जालो तोड्न नसक्नुमा प्रहरी प्रशासनको कमजोरी वा मिलेमतो के हो भनेर आशंका उब्जिएका बेला राष्ट्रिय स्वतन्त्र पार्टीले प्रहरी प्रशासनकै मिलेमतोमा लागूऔषध कारोबार हुने गरेको गुनासोसहितको ११ बुँदे ज्ञापनपत्र प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीलाई बुझाएको छ। जिल्ला सभापति उमेश खरेल नेतृत्वको टोलीले प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाएको हो । ज्ञापनपत्रमा भनिएको छ ,' लागूऔषधको कारोबार र सेवनले झापा धेरै पीडित छ । प्रहरी र प्रशासनकै मिलेमतोमा लागूऔषध कारोबार हुने गरेको गुनासो रहेको छ। देशका युवाको जीवन बिग्रिनु देशको भविष्य नष्ट हुनु हो भन्ने सत्यलाई मनन गरी यसतर्फ कडाइ गरियोस् ।'

धेरैतिरबाट गुनासो आएपछि आफूहरुले लागूऔषधका बारेमा प्रहरी प्रशासनमाथि त्यस किसिमको आरोप लगाएको जिल्ला सभापति खरेलले बताए । उनले भने,' प्रहरी प्रशासनले चाहेको भए ठूला डिलर नै पक्राउ गर्न सक्थ्यो , तर त्यसमा गंभीर देखिएन ।' देशका युवा वर्ग नै ध्वस्त भएर देश बर्बाद हुँदासमेत प्रहरी प्रशासनले ठोस र प्रभावकारी कदम चाल्न नसक्नु कमजोरी भएको उनले बताए। आफै बिगार्ने , सुधार्ने अनि फेरि बिगार्ने काम गरिरहेका सुधार केन्द्रहरु व्यक्तिको मातहतमा नराखेर सरकारको अधिनमा ल्याउनु पर्ने उनको धारणा थियो ।

झापाको बिर्तामोड र दमकमा कोशी प्रदेशकै लागूऔषधको मुख्य डिलर रहेको बताइएको छ । बिर्तामोडका डिलरबाट पूर्वी पहाडी जिल्लाहरु इलाम , पाँचथर , ताप्लेजुङसम्म लागूऔषध आपूर्ति हुने गरेको छ भने दमकको डिलरबाट सोलुखुम्बु , उदयपुरसम्म लागूऔषध पुर्याइने गरिएको छ । पूर्वपश्चिम राजमार्गदेखि उत्तरी क्षेत्र लागूऔषधबाट बढी प्रभावित भएको पाइएको छ। त्यस्तै लागूऔषध सेवनकर्तामा ७ प्रतिशत जो धनाढ्य छन् उनीहरुले ब्राउनसुगर प्रयोग गर्ने गरेका छन् भने ९३ प्रतिशत लागूऔषध प्रयोगकर्ताहरुले सस्तो प्रकारका कोरेक्स र विभिन्न ट्याब्लेट प्रयोग गर्ने गरिएको बताइन्छ ।

प्रहरीले २-४ ग्राम ब्राउनसुगर पक्राउ गरेर देखावटीरुपमा आफ्नो काम मात्र निर्वाह गरिरहेको चेतना नेपालका प्रमुख प्रशिक्षक इन्द्र ओलीले बताए। भारतको बाटो हुँदै म्यान्मार , पाकिस्तान , अफगानिस्तान , मणिपुर , नागाल्याण्डलगायतका ठाउँबाट लागूऔषध नेपालमा आयात भएर तेस्रो राष्ट्र निर्यात गर्ने डिलरसम्म प्रहरी प्रशासन पुग्न नसकेको प्रमुख प्रशिक्षक ओलीको भनाई छ। सेवनकर्ता र केही खुद्रा व्यापारीसम्म मात्र प्रहरी पुग्न सकेको उनले दावी गरे । २०५६ सालमा आफू प्रहरी हुँदा २ पाउन्ड ब्राउनसुगर पक्राउ गरेको स्मरण गर्दै पूर्व प्रहरी नायव निरीक्षकसमेत रहेका ओलीले त्यसयता ठूलो परिमाणमा ब्राउनसुगर बरामद नभएको दावीसमेत गरे ।

उता झापाका प्रहरी प्रमुख प्रहरी उपरीक्षक मिलन केसीले लागूऔषध जटिल समस्या भएकाले प्रहरी एक्लैले नियन्त्रण गर्न गाह्रो भइरहेको स्वीकारे। उनले झापासहितका सीमावर्ती जिल्लामा देखिएको यो समस्यामा सबैजना गंभीर भएर लाग्न जरुरी भएको बताए ।

चालु आर्थिक वर्षको छ महिनामा झापा प्रहरीले लागूऔषध दुर्व्यसनी र कारोबारमा संलग्न दुई सय १३ जनालाई पक्राउ गरेको छ । पक्राउ हुनेहरूको साथबाट ब्राउनसुगर, गाँजा, चरेसलगायत लागूऔषध बरामद गरिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक कृष्णकुमार चन्दले बताए । पक्राउ गरिएका अभियुक्तबाट झण्डै गाँजा तीन दशमलव ६७ किलोग्राम, ब्राउनसुगर सात सय २० दशमलव ८० ग्राम, ट्रमाडोल सात हजार दुई सय ३७ ट्याब्लेट, एन्टिकफलगायत ट्याब्लेट बरामद गरिएको उनले जानकारी दिए । प्रहरीले लागूऔषधसहित मानिस नियन्त्रणमा लिने गरेको छ । जिल्ला प्रहरी कार्यालयका अनुसार छ महिनामा जिल्ला अदालत झापामा एक सय ५१ वटा लागूऔषधका मुद्दा दर्ता भइसकेको छ। लागूऔषधको कारोबार हुने जिल्लाका विभिन्न स्थान र सीमानाकामा प्रहरीले सक्रियता बढाएको प्रवक्ता चन्दले दावी गरे ।

## ठक्कर दिएर भागेका ट्रक चालक ६७ दिनपछि पक्राउ

झापा(प्रस) । झापा दमक- ५ का ७९ वर्षीय केवल भनिने कमलप्रसाद खरेललाई दुर्घटना गराई फरार भएका चालक ६७ दिनपछि सवारी साधनसहित पक्राउ परेका छन् ।

बशिष्ठ आश्रम खरेल प्रवर्द्धन समितिका पूर्व कार्यसमिति सदस्य , क्षेत्र नं ५ का पूर्व संस्थापक अध्यक्ष, कुल मन्दिर लखनपुरका संस्थापक तथा दाता ,सिताराम मन्दिर कोटीहोमका भवन निर्माणकर्ता खरेललाई गत मंसिर ६ गते बिहान करिव ५:३५ बजे बाटोमा हिड्दै गर्दा को १ ख ४१४२ नम्बरको मिनी ट्रकले ठक्कर दिएको थियो । दुर्घटनापछि ट्रक चालक दमक नगरपालिका वडा नं.९ बस्ने ३१ वर्षीय युबराज तामाङ फरार भएका थिए । पूर्वपश्चिम राजमार्गको पाथीभरा पेट्रोल पम्पपूर्व सडक किनारामा लडेर अचेत अवस्थामा खरेल फेला परेका थिए । उनलाई उपचारका लागि न्यूरो हस्पिटल विराटनगर लगिएको थियो । स्वास्थ्यमा सुधार नआएपछि परिवारले घरमै ल्याएर राखेका थिए । गत मंसिर २३ गते राति १०.२९ बजे उनको मृत्यु भएको हो । परिवार र आफन्तले सवारी दुर्घटनाबाटै मृत्यु भएको भन्दै पटक पटक प्रहरी प्रशासनको ध्यानाकर्षण गराउँदासमेत प्रहरीले सवारी दुर्घटना हो कि होइन भनेर यकिन गर्न सकिरहेको थिएन । खरेलको टाउकोमा चोट देखिएको थियो । प्रहरीका अनुसार सीसीटीभीको अभावमा दुर्घटना भनेर ठम्याउन गाह्रो भएको थियो ।





नेपाल प्रहरी केन्द्रीय अनुसन्धान ब्युरो (सीआइबी) र इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले अनुसन्धान गर्दा घटनाको प्रारम्भिक अनुसन्धानमा सवारी दुर्घटना भएको देखिएको थियो । पीडितको जाहेरीका आधारमा घटनापश्चात् फरार रहेका को १ ख ४१४२ नम्बरको मिनी ट्रकका चालक तामाङलाई आइतवार नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी कृष्णकुमार चन्दले बताए । उनले झापा जिल्ला अदालतबाट पक्राउ अनुमति लिई तामाङमाथि सवारी ज्यान मुद्धामा अनुसन्धान कार्य जारी रहेको जानकारी दिएका छन् ।

## खड्काको स्मृतिमा भवन र पार्टी कार्यालय शिलान्यास

बिर्तामोड(प्रस) । अल्पायुमै निधन भएका कांग्रेसका युवा नेता लक्ष्मण खड्काको स्मृतिमा स्मृति भवन तथा बिर्तामोड नगर पार्टी कार्यालय भवन निर्माण हुने भएको छ ।

सो भवनको कांग्रेसका पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलाले आइतवार शिलान्यास गरेका छन् । खड्काको स्मृतिमा बनाउन लागिएको नगर पार्टी कार्यालय भवन निर्माणका लागि एक करोड ३० लाख लागत अनुमान गरिएको निर्माण समिति संयोजक सजेश शिवाकोटीले जानकारी दिए। उनका अनुसार अढाइ तले भवनको भुइँतलामा कार्यक्रम हल, पहिलो तलामा नगरको पार्टी कार्यालय एवं दोस्रो तलामा भ्रातृ संघ संस्था तथा वडा समितिका लागि कार्यकक्ष बनाइने छ। उनले एक बर्षभित्रमा निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको बताउँदै सबै तहका नेता कार्यकर्ताको सहयोगबाट भवन निर्माण गरिने जानकारी दिए ।



शिलान्यास कार्यक्रममा बोल्दै पूर्वमहामन्त्री सिटौलाले पार्टीको नीति, सिद्धान्त र विचारमा प्रतिबद्ध एवं अनुशासित भएर जनताप्रति समर्पित भई जनमुखी कार्य गर्न कार्यकर्तालाई आह्वान गरे । 'पार्टीको नीति, सिद्धान्त र विचार नमान्ने विकृति सबै पार्टीमा देखिएको छ 'उनले भने,'नेपाली कांग्रेस प्रतिनिधि सभा, प्रदेश सभा, स्थानीय तहमा प्राप्त जनमतका आधारमा सबैभन्दा ठूलो पार्टी हो । हामीले आफू अनुशासित भएर अरुलाई राजनीतिक संस्कार सिकाउनुपर्छ । '

नेपाली कांग्रेसकी केन्द्रीय सदस्य सुशिला ढकाल आचार्यले पार्टीका सबै नेता कार्यकर्ताको स-सानो लगानीबाट नगर पार्टी कार्यालय बनाउन सकेमात्रै अपनत्व हुने र लक्ष्मण खड्काप्रति सच्चा श्रद्धाञ्जली हुने धारणा राखिन् ।

नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेवेले गाउँ/नगर, वडामा खटिएका प्रतिनिधिहरु र सम्बन्धित तहगत समितिले टोल एवं वडाकेन्द्रित कार्यक्रम तय गरेर संगठनलाई सक्रिय बनाउन आग्रह गरे ।

कार्यक्रममा संविधानसभा सदस्य सुधिरकुमार शिवाकोटी, कोशी प्रदेश समिति सदस्य मिरा खड्का, महिला नेतृ यज्ञकुमारी सिटौला, २ नम्बर क्षेत्रीय सभापति खगेन्द्र मैनाली, लक्ष्मण खड्का स्मृति भवन निर्माण समितिका संयोजक सजेश शिवाकोटी, क्षेत्र नं-२ ख का सभापति किरण श्रेष्ठ, वडा सभापतिहरुको तर्फबाट बिर्तामोड-२ का सभापति देवी खरेललगायतले मन्तब्य राखेका थिए । नेपाली कांग्रेस बिर्तामोड नगर सभापति भोजराज सिटौलाको सभापतित्वमा सम्पन्न कार्यक्रमको औचित्यमाथि नेपाली कांग्रेस झापाका कोषाध्यक्ष जलकुमार गुरुङले प्रकाश पारेका थिए । नगरका संगठन विभाग प्रमुख कुलप्रसाद संग्रौलाले स्वागत गरेको कार्यक्रमको सञ्चालन क्षेत्र नम्बर-२ प्रदेश क का सभापति लक्ष्मीप्रसाद आचार्यले गरेका थिए । मन्तब्य राख्ने अधिकांश बक्ताहरुले लक्ष्मण खड्काको स्मृतिमा जग्गा प्रदान गर्ने उनकी पत्नी अञ्जु खड्काप्रति आभार ब्यक्त गरेका थिए । नेपाली कांग्रेस झापाको सहसचिव पदमा बहाल रहेका बेला खड्काको २०७४ साल चैतमा अल्पायुमै निधन भएको थियो ।

## पर्वतारोहीलाई कल्याणकारी कोषको व्यवस्था गर्दै सरकार

झापा(प्रस)। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले पर्वतारोहीका लागि कल्याणकारी कोष स्थापना गर्ने उद्घोष गरेका छन् ।

पर्वतारोही फुन्जो जाङमो लामासहितका आरोहीलाई सम्मान गर्दै उनले पर्वतारोहीको सामाजिक सुरक्षा र आरोहणमा प्रोत्साहनका लागि कल्याणकारी कोष स्थापना गरिने बताए ।

गोरखाको चुमनुब्री गाउँपालिकाद्वारा आयोजित सम्मान कार्यक्रममा सबैभन्दा छोटो समय (१४ घण्टा ३१ मिनेट)मा सर्वोच्च शिखर सगरमाथा आरोहण गरी कीर्तिमान कायम गर्न लामासहितका आरोहीलाई सम्मान गरिएको हो ।

कीर्तिमानी लामाका साथ मिङमार छिरिङ लामा, नाङ्सेल छोइडोन लामा, नानु माया गुरुङ, डिकी ल्हामु लामा र युक्ता गुरुङलाई पनि मन्त्री पाण्डेले सम्मान गरे ।

## केवलकार खारेजीको मागसहित प्रदर्शन



झापा(प्रस) । ताप्लेजुङको पाथीभरा क्षेत्रमा केवलकार खारेजी संयुक्त संघर्ष समितिले विरोध प्रदर्शनसहित कोणसभा गरेको छ । सोमवार दिउँसो फुङलिङ -१० काफ्लेपाटीमा पाथीभरा केबलकार खारेजी आन्दोलन पक्षका किरात याक्थुङ चुम्लुङका केन्द्रीय अध्यक्ष प्रेम एक्तेनको नेतृत्वमा 'केबलकार खारेज गर , प्रहरी दमन मुर्दावाद, हाम्रो धर्म हाम्रो अधिकार, मुन्धुमी क्षेत्रमा सैन्यकरण बन्द गर' जस्ता नारा लेखिएको प्लेकार्ड तथा कालो झन्डासहित कोणसभा गरिएको हो । ८०-९० जनाको उपस्थितिमा कोणसभा गरिएको र उक्त स्थानमा प्रहरी निरीक्षक विवेक बस्नेतको कमाण्डमा ३८ जना र सशस्त्र प्रहरी बल सुरक्षा बेश क्याम्पबाट सशस्त्र प्रहरी निरीक्षक डिगेन्द्र ओलीको कमाण्डमा ५० जनाको टोली खटिएको बताइएको छ ।

मुक्कुम्लुङ संरक्षण संयुक्त संघर्ष समिति, केबलकार खारेजी संयुक्त संघर्ष समितिलगायतका ६ वटा संस्थाले माघ १५ गते मंगलबारदेखि मेची राजमार्ग र तमोर करिडोरमा अनिश्चितकालीन यातायात बन्दको घोषणा गरेका छन् । पाथीभरा क्षेत्रमा शनिबार भएको झडपको विरोध, केबलकार निर्माण कम्पनी फिर्तालगायतका माग राख्दै बन्दको आह्वान गरेका हुन् ।

# मेचीनगरको दोस्रो नगर सभाको छैटौं अधिवेशन शुरु

• लक्ष्मी उप्रेती




मेचीनगर । झापाको मेचीनगर नगरपालिकाको दोस्रो नगर सभाको छैटौं अधिवेशन सोमवारबाट शुरु भएको छ ।

नगरपालिकाको सभाहलमा नगर प्रमुख गोपालचन्द्र बुढाथोकीले कार्यक्रमको अध्यक्षता गर्दै बैठकको छलफलको कार्यससूचीहरू प्रस्तुत गरे । उपप्रमुख मीना पोखेल उप्रेतीले वित्तीय विवरण प्रस्तुत गरिन् । दोस्रो नगरसभाको पाँचौ अधिवेशनबाट आर्थिक वर्ष २०८१/८२ का लागि स्वीकृत गरेको नीति, कार्यक्रम तथा बजेटको हालसम्मको आर्थिक स्थितिको संक्षिप्त जानकारी गराइन् ।

चालु आर्थिक वर्ष २०८१/०८२ को लागि कुल अनुमानित आय २ अर्व १५ करोड ७० लाख २५ हजार १ सय ९३ रुपैयाँमध्ये चालुतर्फ ९३ करोड ७८ लाख ४६ हजार ९१९ एवम् पूँजीगततर्फ १ अर्ब २१ करोड ९१ लाख ७८ हजार २ सय ७४ बिनियोजन भएको अधिवेशनमा जानकारी गराइन् ।

अनुमानित आयतर्फ माघ १३ गतेसम्म नगरले करिब ९२ करोड ९ लाख ६६ हजार आम्दानी गरेको उपप्रमुख उप्रेतीले जानकारी दिइन् । उनका अनुसार नेपाल सरकार समानीकरण अनुदानतर्फ १२ करोड ४७ लाख ५० हजार, नेपाल सरकार सःशर्त अनुदान चालुतर्फ २७ करोड ६२ लाख ५२ हजार, नेपाल सरकार सःशर्त अनुदान पूँजीगततर्फ १७ करोड ८७ लाख ३८ हजार, स्थानीय राजश्व बाँडफाँटतर्फ १ करोड ६ लाख ४५ हजार, संघीय राजश्व बाँडफाँट अन्तर्गत मूल्य अभिवृद्धि करतर्फ ६ करोड १५ लाख ४ हजार, अन्तःशुल्कतर्फ १ करोड १७ लाख १७ हजार, आन्तरिक श्रोततर्फ ७ करोड ८२ लाख ८३ हजार तथा अघिल्लो आर्थिक वर्षको मौज्दात १९ करोड १९ लाख ६१ हजार आम्दानी भएको छ । जुन प्रस्तावित आयको ४२ दशमलव ६९ प्रतिशत रहेको छ ।

व्ययतर्फ हालसम्म संघीय सरकार समानीकरण अनुदानतर्फ २ करोड २२ लाख ४७ हजार, संघीय सरकार सःशर्त अनुदान चालुतर्फ २० करोड ३ लाख ८ हजार, संघीय सरकार सशर्त अनुदान पूँजीगततर्फ १० करोड ७१ लाख २९ हजार, स्थानीय राजश्व बाँडफाँटतर्फ ५८ लाख ६२ हजार, संघीय राजश्व बाँडफाँटतर्फ २ करोड ७२ लाख ५८ हजार तथा आन्तरिक श्रोततर्फ ११ करोड १६ लाख ७७ हजार खर्च भएको छ । जसमध्ये कुल चालु खर्चतर्फ ३२ करोड ९ लाख २३ हजार ८३ अर्थात ३४ दशमलव २२ प्रतिशत र पूँजीगततर्फ १५ करोड ३५ लाख ६१ हजार ७ सय ९६ अर्थात १२ दशमलब ६ प्रतिशत गरी कुल खर्च जम्मा ४७ करोड ४४ लाख ८४ हजार ८ सय ७९ रहेको छ । जुन २१ दशमलव ९९ प्रतिशत रहेको राजश्व परामर्श समितिका संयोजकसमेत रहेकी उपप्रमुख उप्रेतीले जानकारी गराइन् ।

नगरसभामा विषयगत संयोजकमार्फत अर्धबार्षिक समीक्षा प्रतिवेदन प्रस्तुत गरिएको थियो । आर्थिक विकास समितिका संयोजक तिलजा देवान, सुशासन तथा क्षमता विकास समितिका संयोजक माया प्याकुरेल,पूर्वाधार विकास समिति संयोजक चित्र धिमाल, सामाजिक विकास समिति संयोजक हृदय राजवंशी, वन, वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक गुणराज भट्टराई, विधेयक समिति सदस्य मीनमाया सुब्बा, लेखा समिति संयोजक कविता मिजार र न्यायिक समितिका सदस्य कुन्दन निरौलाले आ-आफ्नो बिषयगत समितिको प्रतिवेदन प्रस्तुत गरेका थिए ।

सोमवार प्रस्तुत विभिन्न प्रतिवेदन अध्ययन गरी आ-आफ्नो धारणा प्रस्तुत गर्नका लागि अर्को बैठक माघ २५ गते बोलाइएको छ ।

प्रमुख प्रशासकीय अधिकृत एवम् नगर सभाका सचिव अग्निप्रसाद अधिकारीले सभा सञ्चालनको विधिका विषयमा जानकारी गराएका थिए ।सभामा नगरका १ देखि १५ वटै वडाका वडाध्यक्ष, कार्यपालिका सदस्य, नगर सभा सदस्यहरु, नगरपालिकाका विभिन्न शाखाका प्रमुख तथा कर्मचारी, सञ्चारकर्मीलगायतको सहभागिता रहेको थियो ।

## अनलाइन व्यापार नियमन गर्न कानुनी व्यवस्था गरिँदै

झापा(प्रस) । अनलाइनमार्फत हुने व्यापारलाई नियमन गर्न संसद्ले कानुन बनाउने तयारी अन्तिम चरणमा पुऱ्याएको छ । अनलाइन व्यापारलाई नियमन गर्न बनेको विधेयक प्रतिनिधि सभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिबाट पारित भएको हो । सरकारले २०८० असारमा विधेयक राष्ट्रिय सभामा दर्ता गरेको थियो । गत कार्तिकमा विधेयक थप छलफलका लागि समितिमा पुगेको थियो । समितिले यसलाई प्रभावकारी बनाउने उपसमिति बनाएर छलफल गरेको थियो ।

समिति सभापति अब्दुल खानले अब बस्ने प्रतिनिधि सभाको बैठकमा संशोधित प्रतिवेदनसहित विधेयक जाने र पारित हुने जानकारी गराए । उनले भने, 'हामीले यसलाई थप प्रभावकारी बनाउन ९ सदस्यीय उपसमिति बनाएर छलफल गरेका थियौँ । अबको संसद्ले यसलाई कानुनी रूप दिनेछ । इन्टरनेटमार्फत हुने सबै खालका व्यापार कानुनी दायरामा आउनेछन् ।'

## खानेपानी ट्यांकीको खाल्डोमा डुबेर बृद्धको मृत्यु

झापा(प्रस) । तेह्रथुमको छथर गाउँपालिकामा खानेपानी ट्यांकीको खाल्डोमा डुबेर एक बृद्धको मृत्यु भएको छ । सोमवार बिहान ११.४५ बजे छथर गाउँपालिका वडा नं.४ परेवाखोप बस्ने ७१ वर्षीय लोकमान लिम्बूको सोही ठाउँमा रहेको परेवाखोपको पहरे खानेपानी ट्यांकीको गेटबल छेउमा सिमेन्टले ढलान गरेको खाल्डोमा डुबेर मृत्यु भएको हो । स्थानीयले टेलिफोनमार्फत अस्थायी प्रहरी पोष्ट शनिश्चरेमा जानकारी गराउनासाथ प्रहरी टोली खटिएर घटनास्थल सुरक्षित राखेको र थप अनुसन्धान तथा कानुनी प्रकृयाको लागि इलाका प्रहरी कार्यालय बसन्तपुरबाट टोली गएको जनाइएको छ ।

## बसका सहचालक बसभित्र मृत फेला



झापा(प्रस) । उदयपुरको कटारी नगरपालिका -३ कटारी बसपार्कमा बसका सहचालक बसभित्र मृत फेला परेका छन् ।

आइतवार बिहान ५:५० बजे ३ कटारी बसपार्कमा कटारीदेखि जनकपुर चल्ने ना ३ ख ७९०६ नम्बरको रामजानकी बासुदेव बसभित्र सोही बसका सहचालक सिरहा कर्जन्हा -४ भुल्के बस्ने ३० वर्षीय रोशन तामाङ बसको ढोका लगाई सिटमा मृत अबस्थामा फेला परेका हुन् । इलाका प्रहरी कार्यालय कटारीबाट प्रहरी टोली खटिएर अनुसन्धान तथा कानुनी प्रकृया भइरहेको जनाइएको छ ।

## कोशीमा ४११ जना कुष्ठरोगी फेला




झापा(प्रस) । सरकारले १५ वर्षपहिले सन् २०१० मै कुष्ठरोग निवारणका लागि विशेष कार्यक्रमको घोषणा गरेको थियो । तर, त्यसयता पनि बर्सेनि नयाँ कुष्ठरोगीको संख्या थपिने क्रम रोकिएको छैन ।

१५ वर्षअघि १० हजार जनसंख्यामा एकभन्दा कम संक्रमितको अवस्थामा झार्ने घोषणा गरिए पनि जोखिम अन्त्य भएको छैन । मुलुकभरका १७ जिल्ला जोखिम उच्च रहेको सरकारको तथ्यांक छ ।

कोशी प्रदेशमा मात्रै ४ सय ११ जना कुष्ठरोगका संक्रमित रहेको स्वास्थ्य निर्देशनालय धनकुटाले जनाएको छ। यस प्रदेशका १४ मध्ये ९ जिल्लामा २०८०/०८१ मा नयाँ संक्रमित ४ सय ११ जना रहेको निर्देशनालयका कुष्ठरोग फोकल पर्सन तुलसीप्रसाद गुरागाईंले बताए ।

सबैभन्दा बढी मोरङमा १ सय ३२ कुष्ठरोग संक्रमित छन् । सुनसरीमा १ सय २८ र झापामा १ सय २५ जना छन् । उदयपुरमा १२, धनकुटामा ८, पाँचथरमा १, इलाम ४ र तेह्रथुममा १ जना रहेका छन् । जसमध्ये १४ वर्षमुनिका बालबालिकाको संख्या १२ रहेको छ । संखुवासभा, सोलु, ओखलढुंगा, भोजपुर र तेह्रथुममा नयाँ रोगी फेला परेका छैनन् ।

यस रोगका कारण माइकोव्याक्टिरियम लेप्रइ नामको व्याक्टेरियाका कारण छाला, स्नायु र शरीरका विभिन्न अंगमा असर पर्ने गुरागाईंले बताए ।

छालामा देखिने दाग तथा स्नायुमा क्षति हुने कारणले रोग लागेका व्यक्तिमा अपाङ्गताको जोखिमसमेत हुने भएको विश्वभरबाट यसको निवारण गरिन लागिएको बताइएको छ ।धनकुटाको महालक्ष्मी नगरपालिकामा तीन र छथर जोरपाटी गाउँपालिकामा पाँच जना संक्रमित छन् । ती पालिकामा फेला परेका रोगीबाट अन्य व्यक्तिमा संक्रमण हुन नदिन नियमित औषधि र सचेतनाका गतिविधि जारी राखिएको महालक्ष्मी नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख प्रेमबहादुर शाहले बताए ।

# सरकारद्वारा सहकारी नियमन प्राधिकरण स्थापना




झापा(प्रस)।सरकारले सहकारीमा देखिएका समस्याहरूको दीर्घकालीन समाधानको लागि राष्ट्रिय सहकारी नियमन प्राधिकरण स्थापना गरेको छ । ललितपुरको पुलचोकमा स्थापना गरिएको प्राधिकरण कार्यालयको उद्घाटन सोमबार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीले गरेका हुन् । सहकारी नियमन प्राधिकरणको उद्घाटन गर्दै मन्त्री अधिकारीले सहकारीहरूको नियमन र बचतकर्ताको बचत रकम अपचलन गर्ने जो कोहीलाई कानुनको दायरामा ल्याउन सकिने विश्वास व्यक्त गरे । उनले सहकारी क्षेत्रमा देखिएका समस्याहरूको सम्बन्धमा स्थानीय तह, प्रदेश र संघ सरकारले अपनत्व ग्रहण गर्ने गरी प्राधिकरणको गठन गरिएको दाबी गरे ।

सहकारी सम्बन्धी ऐन र कानुनहरू पुराना भएका कारण केही समस्या सिर्जना भएको उल्लेख गर्दै समयानुकूल बनाउँदै लैजाने उनको भनाई छ ।

उनले प्राधिकरणको कार्यान्वयनका लागि सर्च कमिटी गठन गर्न ढिलाइ हुने भएका कारण तत्काल मन्त्रालयका सचिव अध्यक्ष रहने गरी व्यवस्था गरिएको जानकारी दिए ।

मन्त्री अधिकारीले भने, 'सहकारी ऐन २०७४ मा ल्याएर कार्यान्वयनमा ल्याइयो । तर कार्यान्वयन भएन । सहकारीबारे काम गर्ने मान्छेहरूले आवाज गर्न थाल्नुभयो । बचतकर्ता र सञ्चालकले पनि आवाज उठाउनु भयो । अहिले हामीले ऐनमा भएको हुन नसकेका कुराहरू हामीले ल्याएका छौँ । सूचना केन्द्र र कोष खोल्ने भनेर व्यवस्था गर्न लागेका छौँ । सहकारी नियमन प्राधिकरण सहकारीको अनुगमन र नियमन गर्नको लागि खोलिएको हो । यसमा हामीले स्थानीय तह, प्रदेश र संघले अपनत्व ग्रहण गर्ने गरी प्राधिकरण गठन गरेका हौँ ।'

# विद्यालयका शौचालय फोहोर भएको गुनासो




झापा(प्रस) । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सार्वजनिक विद्यालयहरूको शौचालय सफा राख्न परिपत्र गरेको छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रमार्फत शौचालय सफा राख्न परिपत्र गरेको हो।

शौचालय फोहोर भएको भन्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा गुनासो परेको थियो। प्रधानमन्त्री कार्यालयले शिक्षा मन्त्रालयलाई पत्राचार गरेर सफा गर्न भनेको थियो । सरकारी कार्यालय र सरकारी विद्यालयमा शौचालय फोहोर भएको गुनासो हेलो सरकारमार्फत प्रधानमन्त्री कार्यालयमा आएको हो। सोही आधारमा शिक्षा मन्त्रालयले शिक्षा तथा मानव स्रोत विकास केन्द्रलाई पत्राचार गरेको थियो। मन्त्रालयले विद्यालयको शौचालयहरूमा आवश्यक मापदण्ड कार्यान्वयन गर्न शिक्षा तथा मानव स्रोत विकास केन्द्रलाई निर्देशन दिएको हो।

केन्द्रले समेत ७७ वटै जिल्लाका शिक्षा विकास तथा समन्वय इकाईलाई पत्राचार गरेर विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यविधि,२०७५ को अनुसूची-१ बमोजिमको मापदण्ड पालना गराउन भनेको छ।

विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छतासहितको व्यवस्था गराउन आफ्नो जिल्लाका विद्यालयहरूमा स्थानीय तहमार्फत मापदण्ड कार्यान्वयन गर्न गराउन अनुरोध गरेको हो।







नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

# कुष्ठरोग अन्त्यका लागि पहल गरौं

१५ वर्षअघि १० हजार जनसंख्यामा एकभन्दा कम संक्रमितको अवस्थामा भन्ने घोषणा गरिए पनि कुष्ठरोगको जोखिम अन्त्य भएको छैन । मुलुकभरका १७ जिल्ला जोखिम उच्च रहेको सरकारको तथ्यांक छ ।

कोशी प्रदेशमा मात्रै ४ सय ११ जना कुष्ठरोगका संक्रमित रहेको स्वास्थ्य निर्देशनालय धनकुटाले जनाएको छ । यस प्रदेशका १४ मध्ये ९ जिल्लामा २०८०/०८१ मा नयाँ संक्रमित ४ सय ११ जना रहेको छ ।

सबैभन्दा बढी मोरङमा १ सय ३२ कुष्ठरोग संक्रमित छन् । सुनसरीमा १ सय २८ र झापामा १ सय २५ जना छन् । उदयपुरमा १२, धनकुटामा ८, पाँचथरमा १, इलाम ४ र तेह्रथुममा १ जना रहेका छन् । जसमध्ये १४ वर्षमुनिका बालबालिकाको संख्या १२ रहेको छ । संखुवासभा, सोलु, ओखलढुंगा, भोजपुर र तेह्रथुममा नयाँ रोगी फेला परेका छैनन् ।

देशभरका सबै सरकारी स्वास्थ्य संस्था (स्वास्थ्य चौकीदेखि वीर अस्पतालसम्म) तथा कुष्ठरोग केन्□त विशिष्ट अस्पतालहरू– आइएनएफ नेपाल हरियो खर्क अस्पताल पोखरा, आनन्दवन अस्पताल, लालगढ कुष्ठरोग अस्पताल, साइनिङ अस्पताल आइएनएफ बाँके, साइनिङ अस्पताल आइएनएफ सुर्खेतमा कुष्ठरोगको निःशुल्क उपचार हुन्छ। कुष्ठरोग लागेको बिरामीलाई कुनै विशेष क्लिनिक वा अस्पतालमा भर्ना भइकनमात्र उपचार गर्नुपर्छ भन्ने हुँदैन। आफ्नै घरमा बसेर कुष्ठरोगको बहुऔषधी उपचार विधिबाट उपचार गर्न सकिन्छ। उपचारको अवधि रोगको अवस्था हेरी ६ महिनादेखि २ वर्षसम्म हुन्छ। कुष्ठरोगका कारण आइपर्ने जटिलताको उपचार, कृत्रिम अंग प्रत्यारोपण, पुनर्निर्माण शल्यक्रियाका साथै पुनर्स्थापनाका सम्पूर्ण उपचार सेवा पनि निःशुल्क उपलब्ध छन्।

सामान्य फुस्रो दाद देखिँदैमा धेरै व्यक्ति अस्पतालसम्म पुग्दैनन् र जँचाउन गइहाले पनि सही पहिचान नहुँदा यसले जटिल अवस्थामा पुऱ्याउने र ढिलोमात्र रोग पत्ता लाग्ने गरेको पाइएको छ। त्यसैले यस रोगकाबारे गहन छलफल र व्यापक चेतना अभिवृद्धिको आवश्यकता छ।

कुष्ठरोग अरू रोगभन्दा किन पृथक छ भने यसको औषधीको मात्रा पूरा गर्दैमा यसबाट छुटकारा नमिल्न पनि सक्छ। उपचारको अवधि पूरा गरिसकेपछि पनि मृत किटाणु शरीरबाट पूर्ण रूपमा बाहिरिन समय लाग्ने र शरीरको रोग प्रतिरोधात्मक क्षमतासँग निरन्तरको युद्ध चलिरहने हुदाँ यसका जटिलताहरू पछिसम्म पनि देखा पर्न सक्छन्। यस मानेमा कुष्ठरोग आफैंमा एक रहस्य र निरन्तर अध्ययन–अनुसन्धानको विषय हो।अनेकन जटिलता र चुनौतीका बाबजुद् पनि कुष्ठरोगसँग को लडाईंलाई अझ सशक्त बनाई निरन्तरता दिन जरुरी छ। सर्वपक्षीय सहभागिता र समयमै गरिएको हातेमालोले मात्र यो जित सुनिश्चित हुन सक्नेछ, निवारणबाट उन्मुलनको गन्तव्यमा पुग्न सकिनेछ र एकदिन कुष्ठरोग मुक्त नेपालको सपना साकार हुनेछ।

# वास्तविक लोकतन्त्रको अनुभूति



• डा.वासुदेव गिरी

मानिस सर्वश्रेष्ठ प्राणी हो । कुनै पनि व्यक्ति मानव भएर जन्म लिई सकेपछि सम्मानपूर्वक र मर्यादित जीवन जिउन पाउनु पर्छ । त्यो नै मानव अधिकार हो अर्थात्, मानवका जन्मसिद्ध, नैसर्गिक र आधारभूत अधिकारलाई नै मानव अधिकार भनिन्छ । यस शब्दले मानवीय मूल्य र प्रतिष्ठाका साथ जीवनयापन गर्न मानवलाई आवश्यक पर्ने न्यूनतम अधिकारलाई इङ्गित गर्छ । स्वतन्त्रता, न्याय र शान्तिको मुख्य आधार नै मानव अधिकार हो । खासमा मानव अधिकार शोषित, पीडित, आवाजविहीन, सीमान्तकृत र विभिन्न दृष्टिले पछाडि परेकाहरूका लागि हो । जबसम्म समाजमा गरिब र सीमान्तकृत वर्गको स्रोत र साधनमाथि पहुँच सुनिश्चित हुँदैन, आर्थिक न्याय कायम हुँदैन र लोकतन्त्रका प्रतिफल न्यायोचित रूपमा वितरण हुँदैनन् तबसम्म मानव अधिकारको कल्पनासम्म पनि गर्न सकिँदैन । यो अधिकार कुनै समाज, कानुन र राज्यले दिने विषय होइन । मानव अधिकारको मुख्य स्रोत मानिस नै हो । समाज, कानुन र राज्यले त केवल यसको संरक्षण मात्र गरिदिने हो ।

सामान्य अर्थमा भन्दा मानव अधिकार दुई किसिमको हुन्छ । पूर्ण वा निरपेक्ष र सापेक्ष मानव अधिकार । पूर्ण/निरपेक्ष मानव अधिकारमाथि कुनै पनि अवस्थामा कानुन अर्थात् राज्यले बन्देज लगाउन मिल्दैन । बन्देज लगाएमा त्यसलाई मानव अधिकारको उल्लङ्घन मानिन्छ भने सापेक्ष मानव अधिकार यस्तो किसिमको अधिकार हो, जसलाई राज्य अर्थात् कानुनले विशेष परिस्थितिमा बन्देज लगाउन सक्छ । आफ्ना विचार र अभिव्यक्ति व्यक्त गर्न पाउनु, सबैसरह समान व्यवहार पाउनु, पेसा र व्यवसाय स्वतन्त्र रूपमा छनोट गर्न पाउनु नै मानव अधिकार हो । समाजमा रहेका सबैले आफ्ना अधिकार निर्बाध प्रयोग गर्न सकून् र कमजोर वर्ग जसले आफ्ना अधिकार दाबी र संरक्षण गर्न सक्दैनन् तिनका अधिकार संरक्षण गर्न राज्यले पहल गर्नु पर्छ भन्ने हो ।

मुलुकमा दिनप्रतिदिन मानव अधिकार उल्लङ्घनसम्बन्धी घटना भइरहेका छन् । समाज शिक्षित र सचेत त बन्दै छ तर पनि ज्यादतिका घटनामा कमी भने आउन सकेको छैन । घरपरिवार, कार्यस्थल, सार्वजनिक ठाउँ, स्कुल, कलेज, विश्वविद्यालय जताततै यस्ता घटना भइरहेका छन् । कतिपय घटना बाहिर आउँछन् भने कतिपय सामाजिक प्रतिष्ठामा आँच आउने डरले पीडितले बाहिर ल्याउँदैनन् । मानव अधिकारको उल्लङ्घन गर्ने काम मानिस र समाजबाटै भएको छ । यस्ता घटनामा कमी ल्याउन मानिस र समाजमा सहिष्णुता आवश्यक छ । एकले अर्काको सम्मान गर्न सक्नु पर्छ । आफूले अधिकार प्रयोग गर्दा अर्काको अधिकारमा असर पार्नु हुँदैन । विश्वमा फैलिरहेको आतङ्कवादले मानव अधिकारमा चुनौती पुऱ्याएको अवस्था छ । यस्ता घटनाले समाजमा केवल डर, त्रास, अविश्वास र विभाजन ल्याउँछन् ।

इतिहास खोतल्दै जाने हो भने नेपालमा पनि मानव अधिकारको विभिन्न कालखण्डमा उल्लङ्घन भएको पाइन्छ । राणाकालीन समयमा नेपालमा जनताका मौलिक अधिकार, स्वतन्त्रता र समानताको अवधारणालाई पूर्ण रूपमा दमन गरिएको थियो । मुलुकमा वाक् स्वतन्त्रता थिएन, सरकारको आलोचना गर्नेलाई सजायको भागीदार बनाइन्थ्यो । मिडिया तथा प्रकाशनलाई पूर्ण रूपमा बन्देज गरिएको थियो, कुनै पनि राजनीतिक गतिविधिलाई देशद्रोहका रूपमा हेरिन्थ्यो । श्रम अधिकारको उल्लङ्घन भएको अवस्था थियो, समाजमा जातीय र लैङ्गिक भेदभाव व्याप्त थियो । शिक्षा जनताको पहुँचबाट टाढा थियो, जनतामा चेतना फैलने डरले विद्यालय खोल्न प्रतिबन्ध लगाइएको थियो । न्याय प्रणाली पूर्ण रूपमा राणाहरूको नियन्त्रणमा थियो । धार्मिक स्वतन्त्रता थिएन । आर्थिक शोषण र दमन थियो ।

पञ्चायतकालीन समयमा पनि मानव अधिकार खुम्चिएको अवस्था थियो । मानव अधिकार उल्लङ्घनका घटना लुकाउन तथा दबाउन कूटनीतिक प्रयास गरिन्थ्यो । माओवादी सशस्त्र द्वन्द्वकालमा पनि मानव अधिकारको गम्भीर उल्लङ्घन भएको देखिन्छ । राज्य पक्ष र माओवादी पक्ष दुवैबाट मानव अधिकारको व्यापक हनन् भएको थियो । सुरक्षाको नाममा 'जे पनि गर्न छुट छ' भन्ने उन्माद सुरक्षा निकायमा हुर्केको र 'युद्धमा जे पनि जायज छ' भन्ने खालको मानसिकता माओवादीमा प्रकट भइरहेको अवस्थाले जनमानस दुवै पक्षबाट प्रताडित थियो, नागरिक अधिकार हनन भएको अवस्था थियो । यस कालखण्डमा हजारौँले ज्यान गुमाए, लाखौँ विस्थापित भए र अर्बौंका भौतिक संरचना ध्वस्त भए । यी विभिन्न कालखण्डले मानव अधिकारको महत्वलाई मात्रै होइन शान्ति, न्याय र पुनर्निर्माणको आवश्यकता कति गहिरो छ भन्ने पाठ पनि हामीलाई सिकाएको छ ।

**लोकतन्त्र**

लोकतन्त्र भनेको जनताको सहभागिता, स्वतन्त्रता र समानताको सिद्धान्तमा आधारित शासन प्रणाली हो, जस अन्तर्गत जनता सर्वोच्च रहन्छन् र जनताकै चाहना अनुसार शासन सञ्चालित हुन्छ । लोकतान्त्रिक शासन व्यवस्थामा जनताका विभिन्न अधिकार हुन्छन् जस्तैः वाक् स्वतन्त्रता, प्रेस स्वतन्त्रता, शान्तिपूर्ण रूपले सङ्गठन गर्ने स्वतन्त्रता, आवतजावत गर्ने स्वतन्त्रता, धार्मिक स्वतन्त्रता आदि इत्यादि । यस्तो शासन प्रणालीमा विद्रोहका सम्भावना न्यून हुन्छन् र नागरिकले असल शासनको अनुभूति गरेका हुन्छन् । लोकतन्त्रले विपन्नलाई आय र निमुखालाई न्याय दिने काम गर्छ । जहाँ आर्थिक रूपले विपन्न, चेतनाको स्तर कमजोर भएका शोषित, पीडित, उत्पीडन र सीमान्तकृत वर्ग रहन्छन् त्यस्तो ठाउँमा लोकतन्त्रको जग कमजोर हुन्छ र जहाँ लोकतन्त्र कमजोर हुन्छ त्यहाँ मानव अधिकार पनि कमजोर नै हुन्छ ।

विपन्न, शोषित, पीडित र सीमान्तकृत वर्गको जीवनस्तर माथि उठाउन सकियो भने लोकतन्त्रको आधार निर्माण हुन्छ । कम्तीमा पनि लोकतान्त्रिक परिवर्तनले भोको पेट, नाङ्गो शरीर र औषधोपचार नपाएर बेदनाले छटपटिएकालाई सम्बोधन गर्न सक्नु पर्छ नत्र भने लोकतान्त्रिक पद्धतिमाथि नै संशय उत्पन्न हुन जान्छ । लोकतान्त्रिक परिवर्तनले सुशासन दिन सक्नु पर्छ । अशान्ति, अराजकता, भ्रष्टाचार र असुरक्षाको अन्त्य गर्न सक्नु पर्छ । समाजमा विद्यमान विभेदलाई अन्त्य गरी विभिन्न समुदायबिच सद्भाव कायम गर्न सक्नु पर्छ । लोकतान्त्रिक मर्यादा र आचरणलाई व्यवहारमा उतार्न सक्नु पर्छ । यसो भएन भने लोकतन्त्रप्रतिको जनमानसको धारणा बदलिन बेर लाग्दैन, जसको फलस्वरूप मानव अधिकार पनि खल्बलिन पुग्छ । मानव अधिकार र लोकतन्त्र एक अर्काका परिपूरक हुन् किनकि एकको अभावमा अर्को व्यर्थ हुन्छ । लोकतन्त्रले मानव अधिकारको रक्षा र प्रवर्धन गर्ने आवश्यक वातावरण तयार गर्छ भने मानव अधिकारको संरक्षणले लोकतान्त्रिक प्रणालीलाई सुदृढ बनाउँछ । जसले गर्दा नागरिकका अधिकारको सम्मान र पालना हुन्छ यसले समाजमा सहिष्णुता बढाउँछ । मानव अधिकारबिना लोकतन्त्र अधुरो रहन्छ किनभने अधिकारविहीन नागरिकले लोकतन्त्रको वास्तविक रूपमा अनुभूति गर्न सक्दैनन् । त्यसैले मानव अधिकार र लोकतन्त्र एक आपसमा निर्भर हुन्छन्, जसले समाजलाई समावेशी, न्यायपूर्ण र शान्तिपूर्ण बनाउने मार्ग देखाउँछन् । नेपालमा लोकतन्त्र स्थापना भइसकेपछि मानव अधिकारका विषयमा धेरै महत्वपूर्ण कार्य भएका छन् ।

**अहिंसा**

अहिंसाले क्षमा र करुणालाई आत्मसात् गर्छ । समाजमा भयमुक्त वातावरणको सिर्जना गर्नु यसको मुख्य लक्ष्य हो । अहिंसात्मक संस्कृति जीवन पद्धतिको अङ्ग बन्यो भने समाज सौँच्चिकै शान्त र सुन्दर हुन्छ । अँध्यारोबाट उज्यालोतर्फको यात्रा भनेकै हिंसाको अन्त्य गर्दै अहिंसालाई अनन्त बनाउनु हो । हिंसालाई अपनाएर आएको परिवर्तन दिगो हुँदैन । अहिंसाको सम्बन्ध सद्भाव, सहिष्णुता र मानव अधिकारसँग छ । अहिंसाको सिद्धान्तले मानिसलाई शारीरिक, मानसिक र भावनात्मक हिंसाबाट मुक्त राख्न प्रेरित गर्छ । जुन मानव अधिकारको आधारभूत मर्मसँग मेल खान्छ । महात्मा गान्धीले अहिंसालाई 'सत्यको मार्ग' भनेर व्याख्या गरे र यसैलाई अपनाए । त्यसैका माध्यमबाट भारतलाई स्वतन्त्र बनाए ।

अहिंसाले जीवनको सम्मानलाई प्राथमिकता दिँदै युद्ध, अपराध र हिंसात्मक गतिविधिलाई निरुत्साहित गरेर मानव अधिकार सुनिश्चित गर्छ । अहिंसाले शान्ति स्थापना गर्न सहयोग पुऱ्याउँछ जुन मानव अधिकारको प्रबल पक्ष हो । अहिंसा र मानव अधिकारको अन्योन्याश्रित सम्बन्ध छ । विश्वमा बढ्दै गइरहेको युद्ध, आतङ्कवाद र हिंसात्मक गतिविधिले मानव अधिकारको उल्लङ्घन भइरहेको छ । यस्तो अवस्थामा अहिंसा मात्रै यस्तो माध्यम हो, जसले सबैलाई मानव अधिकारको सम्मान गर्न प्रेरित गर्छ । जहाँ अहिंसा छ त्यहाँ मानव अधिकारको सम्मान स्वतः स्थापित हुन्छ । मुलुकको विकास र समृद्धिका लागि पनि मानव अधिकारको रक्षा हुनु जरुरी छ । तसर्थ अहिंसा र लोकतन्त्रको मुख्य आधार नै मानव अधिकार भएकाले यसको संरक्षण र संवर्धन गर्न नागरिक समाज, राजनीतिक दल, सरोकारवाला समूह र राज्यका तर्फबाट प्रतिबद्धता आवश्यक छ ।

# योजना निर्माणमा तथ्याङ्क



• गीता पौड्याल अधिकारी

विकास एउटा बहुआयामिक प्रक्रिया हो । जसले समाज, राष्ट्र वा कुनै पनि क्षेत्रको आर्थिक, सामाजिक, शैक्षिक, स्वास्थ्य, सांस्कृतिक र पर्यावरणीय अवस्थामा सुधार ल्याउँछ । यसको उद्देश्य जनताको जीवनस्तरमा सुधार गर्नु, नयाँ अवसरहरूको सिर्जना गर्नु र भविष्यका चुनौतीको सामना गर्न सक्षम बनाउनु हो ।

विकास भनेको केवल पूर्वाधार र आर्थिक वृद्धि मात्र होइन, सामाजिक समावेशिता, न्याय, र वातावरणीय दिगोपनालाई पनि समेट्ने प्रक्रिया हो । विकासका प्रमुख तत्वहरूमा शिक्षा, स्वास्थ्य, समानता, समावेशिता, प्रविधि, नवप्रवर्तन, पूर्वाधार र सेवाहरू पर्दछन् । यी तत्वहरूको प्रभावकारी कार्यान्वयनका लागि मानव पुँजीमा लगानी हुनु अत्यावश्यक छ, जुन नीति तथा योजनाहरूको माध्यमबाट सम्भव हुन्छ । विकास एक गतिशील प्रक्रिया भएकाले समय र स्थानअनुसार यसका प्राथमिकता र स्वरूपहरू फरक हुन सक्छन् । यसको प्रभावकारिता सुनिश्चित गर्न स्रोतहरूको व्यवस्थापन, दिगोपना कायम राख्ने रणनीति, र समावेशी योजनाहरूको आवश्यकता पर्दछ ।

विकासको प्रगति र उपलब्धिलाई मापन गर्न जिडिपी, मानव विकास सूचकाङ्क, गरिबी तथा समानता सूचक, र वातावरणीय स्थायित्वजस्ता परिमाणात्मक तथा गुणात्मक सूचकहरूको प्रयोग गरिन्छ । त्यसैले, विकास योजना र स्रोतको न्यायपूर्ण परिचालन गर्दै दिगो समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने प्रमुख साधन हो ।

विकास एउटा व्यापक प्रक्रिया हो जसले समाजका हरेक पक्षलाई समेट्छ । यो प्रक्रिया सफल बनाउन मानव पुँजीमा लगानी, प्रविधिको उपयोग, र समावेशी योजनाको आवश्यकता पर्दछ । विकासले योजनागत रुपमा स्रोतहरूको न्यायपूर्ण वितरण र वातावरणीय दिगोपनाको सुनिश्चितता गर्दै समाजलाई दीर्घकालीन समृद्धितर्फ अगाडि बढाउने महत्वपूर्ण साधनको रुपमा काम गर्छ ।

योजना कुनै निश्चित उद्देश्य वा लक्ष्य प्राप्त गर्न बनाइने मार्गनिर्देशन नीति हो । यसले उद्देश्य प्राप्त गर्न आवश्यक स्रोत साधनको उचित व्यवस्थापन, कार्यहरूको चरणबद्ध कार्यान्वयन, समयसीमा र जिम्मेवारीको स्पष्ट परिभाषा प्रदान गर्दछ । योजना सामान्यतया विशिष्ट कार्यक्रमको कार्यान्वयनका लागि तोकिएको समयसीमाभित्र बनाइन्छ । देशको विकास प्रक्रिया अघि बढाउन अल्पकालीन, मध्यकालीन, आवधिक, रणनीतिक, र दीर्घकालीन योजनाहरू आवश्यक हुन्छ । नीति भने दीर्घकालीन र स्थिर हुने भएकाले यसले योजनाको मूल मार्गदर्शन प्रदान गर्दछ । उदाहरणका लागि, दिगो विकासका १७ वटा लक्ष्यहरू हासिल गर्न नीतिहरूको तर्जुमा गरिएको छ ।

**योजनाको उद्देश्य**

योजनाको मुख्य उद्देश्य राष्ट्रको दिगो, न्यायसङ्गत र समावेशी विकास सुनिश्चित गर्नु हो । यसले आर्थिक वृद्धि, सामाजिक समानता, र वातावरणीय दिगोपनालाई सन्तुलित रूपमा अगाडि बढाउन मार्गनिर्देशन दिन्छ । योजना केवल भौतिक पूर्वाधार निर्माणमा सीमित नभई शिक्षा, स्वास्थ्य, र प्रविधिको प्रगतिमा पनि आधारित हुन्छ ।

**विकास योजना**

समग्र विकास योजना भन्नाले कुनै क्षेत्र वा राष्ट्रको आर्थिक, सामाजिक र भौतिक पक्षलाई एकीकृत रूपमा सम्बोधन गर्ने योजना हो । यसले स्रोतहरूको न्यायपूर्ण वितरण, अवसरहरूको सिर्जना, र समाजका सबै क्षेत्रहरूको समावेशी विकास सुनिश्चित गर्न मद्दत गर्दछ ।

**योजना निर्माण प्रक्रिया**

विकास योजना निर्माणका लागि प्रक्रिया स्पष्ट र चरणबद्ध हुनुपर्छ । पहिलो चरणमा सही र विश्वसनीय तथ्याङ्क सङ्कलन गरी समस्या र चुनौतीहरूको पहिचान गरिन्छ । दोस्रो चरणमा, यी चुनौतीहरूको आधारमा अवसरको खोजीगरी प्राथमिकता निर्धारण गरिन्छ । तेस्रो चरणमा, उद्देश्य र लक्ष्यहरू स्पष्ट रूपमा परिभाषित गरी त्यसका लागि आवश्यक रणनीतिहरू तयार गरिन्छ । चौथो चरणमा, योजनाको कार्यान्वयन प्रक्रिया तोकिएको समय सीमाभित्र गर्न निगरानी र मूल्याङ्कन प्रणालीलाई समावेश गरिन्छ ।

**विकासका आधारभूत विशेषता**

कुनै पनि प्रभावकारी विकास योजनामा स्पष्ट उद्देश्य, समावेशिता, दिगोपना, र समयसीमा तोकिएको हुनुपर्छ । योजनाले समाजका सबै वर्ग र क्षेत्रलाई समेट्नु पर्छ, जसले समावेशी विकासको सुनिश्चितता प्रदान गर्छ । साथै, योजनामा वातावरणीय र सामाजिक परिवर्तनअनुसार लचिलोपन हुनुपर्छ । योजना कार्यान्वयनका लागि समयसीमित कार्यक्रम र मूल्याङ्कन प्रणालीको उपस्थिति अपरिहार्य छ ।

**तथ्याङ्कको महत्व**

तथ्याङ्क योजना र नीति निर्माणको आधारशिला हो । विश्वसनीय तथ्याङ्कले समस्या र चुनौतीको यथार्थ चित्र प्रस्तुत गर्न मद्दत गर्दछ । तथ्याङ्कको प्रयोगले नीति निर्मातालाई सही दिशा र प्राथमिकता निर्धारण गर्न सहयोग गर्छ । आजको समयमा, तथ्याङ्क नीति निर्माणको सबैभन्दा शक्तिशाली उपकरण हो, जसले समाजका विभिन्न पक्षहरूको गहन अध्ययन गरी प्रभावकारी निर्णय लिन मार्गदर्शन गर्दछ ।

तथ्याङ्कको अभावमा बनाइएका नीति तथा योजनाहरू प्रायः गलत दिशामा जान सक्छन्, जसले विकास प्रक्रियामा अवरोध सिर्जना गर्न सक्छ । त्यसैले, सही तथ्याङ्कको प्रयोग गरी दिगो, समावेशी र न्यायसङ्गत विकासका लागि योजना निर्माण गर्नु अत्यन्त जरुरी छ । योजना केवल उद्देश्य प्राप्त गर्ने साधन मात्र नभई, समाजको समग्र रूपान्तरण र दीर्घकालीन समृद्धिका लागि मार्गदर्शक पनि हो ।

तथ्याङ्क प्रयोग गर्दा केही सावधानी भने अपनाउनु पर्छ । पहिलो कुरा, तथ्याङ्क सङ्कलन र प्रयोग गर्दा गोपनीयता र सुरक्षा प्रोटोकललाई ध्यान दिनु आवश्यक छ । तथ्याङ्कको अनुचित प्रयोगले व्यक्तिहरूको गोपनीयता उल्लङ्घन गर्न सक्छ । यसले समाजमा नकारात्मक असर पार्न सक्छ । त्यसैले, तथ्याङ्कको सुरक्षा सुनिश्चित गर्न प्राविधिक मापदण्ड र नीति–नियमहरू अपनाउनु पर्छ ।

दोस्रो, तथ्याङ्कलाई नागरिकसम्म पहुँचयोग्य बनाउँदै पारदर्शिता कायम राख्नुपर्छ ताकि नीति निर्माणमा नागरिकको सक्रिय सहभागिता सुनिश्चित होस् । नागरिकलाई जानकारी दिने र उनीहरूको सहभागितालाई प्रोत्साहन गर्ने प्रक्रियाले नीति र योजनालाई थप प्रभावकारी र व्यावहारिक बनाउन मद्दत गर्छ । पारदर्शिता अभावले नीति निर्माणमा नागरिकको विश्वास घटाउन सक्छ, जसले दीर्घकालीन विकासमा बाधा गर्छ । तेस्रो, तथ्याङ्कमा गुणस्तरको कमी भएमा नीति र योजना निर्माणमा समस्या हुन सक्छ । सही, अद्यावधिक, र प्रामाणिक तथ्याङ्कको उपलब्धताले मात्र निर्णय प्रक्रियालाई बलियो बनाउँछ । तथ्याङ्क सङ्कलन र विश्लेषण प्रणाली नीति र योजना निर्माणको अनिवार्य साधन हो । यसले समाजका विभिन्न पक्षहरूको प्रभावकारी उपयोग गर्न र दीर्घकालीन तथा दिगो योजना बनाउन मद्दत गर्दछ ।

जब नीति तथा योजना निर्माण गरिन्छ, त्यसको सफलता कार्यान्वयन प्रभावकारितामा निर्भर हुन्छ । नीति निर्माणको पहिलो चरण समस्या पहिचान गर्नु हो । यसमा तथ्याङ्कको प्रयोगले ठोस आधार तयार गर्न महत्वपूर्ण भूमिका खेल्छ । सही तथ्याङ्कले समाजमा रहेका असमानता र चुनौतीहरूको विश्लेषण गरी प्रभावकारी समाधान निकाल्न सहयोग गर्छ । यसैले, तथ्याङ्क प्रयोग गर्दा नियम, मापदण्ड, र सावधानी अपनाउनुपर्ने महत्व झन बढेको छ ।

तथ्याङ्क कुनै पनि नीति तथा योजना निर्माणको मूल आधार हो । तथ्याङ्कको प्रयोगले समाजका विभिन्न पक्षहरूको अध्ययन गरी प्रभावकारी निर्णय लिन र दीर्घकालीन तथा दिगो योजनाहरु बनाउन महत्वपूर्ण योगदान गर्छ । तथ्याङ्कको अभावमा नीति निर्माण केवल अनुमानमा आधारित हुन्छ । जसले निर्णय प्रक्रियामा कमजोरी उत्पन्न गराउँछ । समाजका समस्या, चुनौती, र आवश्यकताको पहिचानका लागि तथ्याङ्क अपरिहार्य उपकरण हो ।

**बुझाइको खाडल**

तथ्याङ्कबिना समाजको अवस्था,

❖ बाँकी तेस्रो पृष्ठमा

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# काठमाडौं विमानस्थल शनिबारदेखि ८ घन्टामात्र बन्द हुने



झापा(प्रस)। पूर्वाधार विस्तारका कारण राति १० बजेदेखि बन्द हुँदै आएको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल शनिबार (१९माघ) देखि राति ११ बजेपछि बन्द भई बिहान ७ बजे खुला हुने भएको छ। अन्तर्राष्ट्रिय एप्रोन, समानान्तर ट्याक्सी, ह्यागंर निर्माण लगायतका पूर्वाधार विस्तारका कामका लागि धावनमार्ग नै बन्द गर्नुपर्ने भएपछि कार्तिक २३ गतेदेखि काठमाडौं विमानस्थलमा राति १० बजेदेखि उडानहरु बन्द गरेर निर्माण कार्य भइरहेका थिए। यसअघि नेपाल नागरिक उड्डयन प्राधिकरणले चैत १८ गतेसम्म राति १० बजेदेखि बिहान ८ बजेसम्म उडान रोकेर काम गर्न नोटाम निकालेर विमानस्थलभित्र तीनवटा फरक-फरक आयोजनाको काम गराउँदै आएको थियो।

सिनामंगलस्थित हवाई यातायात क्षमता अभिवृद्धि आयोजनाका निर्देशक ईन्जिनियर दिपेन्द्र श्रेष्ठका अनुसार दैनिक १० घन्टा उडान बन्द गरेर रनवेसँग जोडिएका जटिल कामको निर्माण सकिएसंगै पूर्वाधार विस्तारको समय १० घन्टाबाट घटाएर ८ घन्टामा झारिएको छ। 'धावनमार्गसंगै जोडिएका मुख्य जटिल काम सम्पन्न भएका छन्', आयोजना निर्देशक श्रेष्ठले भने, 'अब दुई घन्टा उडानको समय थपिएको छ।' उनका अनुसार विमानस्थलभित्र संचालित तीनवटै आयोजनाको ४० प्रतिशत भौतिक कार्य सकिएको छ।

सन् २०२६ पछि वार्षिक झण्डै १ करोड यात्रुलाई सेवा दिने उद्देश्यले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा राति १० बजेदेखि बिहान ८ बजेसम्म १० घन्टा उडान रोकेर तथा त्यसपछि दिनमा उडान नरोकेर पूर्वाधार विस्तारका काम हुँदै आएका छन्।

# किसान महासंघको अधिवेशन सम्पन्न गर्न आग्रह

बिर्तामोड(प्रस)।नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेवेले तोकिएको कार्यतालिका अनुसार नै नेपाल किसान महासंघको सबै तहको अधिवेशन सम्पन्न गर्न आग्रह गरेका छन्। नेपाली कांग्रेस झापाका पदाधिकारी, क्षेत्रीय, प्रदेशसभा क्षेत्रीय, गाउँ/नगर सभापति एवं नेपाल किसान संघका पदाधिकारी/सदस्यहरुको संयुक्त भेलालाई सम्बोधन गर्दै यस्तो आग्रह गरेका हुन्।

किसान महासंघको सबै तहको अधिवेशन सम्पन्न गर्न सहयोगी भूमिका निर्वाह गर्न पनि पार्टीका सबै तहका सभापतिहरुलाई आग्रह गरे। भेलामा नेपाल किसान महासंघ झापाका अध्यक्ष रतन थिङ् लावोले आफू नेतृत्वको समिति गठन भएपश्चात संघले गरेका गतिविधिबारे प्रष्ट्याएका थिए। भेलामा नेपाली कांग्रेस झापाका उपसभापतिद्वय शेरबहादुर भट्टराई र केशवराज पाण्डे, सचिवद्वय कृष्ण हुमागाई र नवीन विमली, सहसचिव कालेन्द्रप्रसाद सिंह राजवंशी, नेपाल किसान महासंघ केन्द्रीय सदस्य झमक खड्का, झापा क्षेत्र नं-१ का क्षेत्रीय सभापति इन्द्र बुढाथोकीलगायतले धारणा राखेका थिए। नेपाल महिला संघ झापा अध्यक्ष टिका सिटौला मैनाली, लोकतान्त्रिक यातायात मजदुर संघका टंकप्रसाद दवाडीलगायतले आ-आफ्ना संस्थाको गतिविधिबारे प्रकाश पारेका थिए।

नेपाल किसान महासंघ केन्द्रीय समितिले देशभरका वडाको अधिवेशन २०८१ माघ २१ गते, गाउँ/नगर अधिवेशन माघ २५ गते, प्रदेशसभा क्षेत्रीय अधिवेशन माघ ३० गते र जिल्ला अधिवेशन फागुन ७ गते सम्पन्न गर्ने कार्यतालिका तय गरी पत्राचार गरिसकेको छ।

नेपाली कांग्रेस झापाका सभापति थेवेको सभापतित्वमा सम्पन्न कार्यक्रममा सहजीकरण सचिव नवीन विमलीले गरेका थिए।

# गौरादह र कचनकवल क्वार्टरफाइनलमा

बिर्तामोड(प्रस)। बर्खा स्मृति प्रतिष्ठान बुद्धशान्तिले आयोजना गरेको दोस्रो संस्करणको झापा जिल्ला अन्तरपालिका पुरुष टि-२० क्रिकेट प्रतियोगिताको क्वार्टरफाइनल समीकरण पूरा भएको छ।

सोमवार सम्पन्न दुई खेलपछि गौरादह र कचनकवलले क्वार्टरफाइनलमा स्थान सुरक्षित गरेका छन्। पहिलो खेलमा गौरादहले बुद्धशान्ति गाउँपालिकालाई २४ रनले पराजित गर्यो।

टस हारेर पहिले ब्याटिङ गरेको गौरादहले निर्धारित २० ओभरमा २०३ रनको विशाल लक्ष्य प्रस्तुत गरेको थियो। जवाफमा बुद्धशान्तिले ८ विकेट गुमाउँदै १७८ रन मात्र बनाउन सक्यो।

गौरादहका लागि सुरज न्यौपानेले ५४ रन र अर्जुन यादवले ५० रनको योगदान दिए। बुद्धशान्तिका लागि आदिहाङ फागोले सर्वाधिक ४० रन, कप्तान अर्पण कार्कीले ३४ रन र पारस निरौलाले उल्लेख्य योगदान दिए पनि अन्य ब्याट्सम्यानले प्रदर्शन गर्न सकेनन्।

खेलको प्लेयर अफ द म्याच गौरादहका सुरज न्यौपाने भए। उनले नगद ३ हजार रुपैयाँ र ट्रफी पाए।

दोस्रो खेलमा कचनकवलले गौरीगञ्जलाई ९ विकेटले पराजित गऱ्यो। टस जितेर पहिले ब्याटिङ गरेको गौरीगञ्जले १०.५ ओभरमा सबै विकेट गुमाउँदै ४३ रन मात्र बनाउन सक्यो।

कचनकवलका बलरहरूसामु निरीह देखिएको गौरीगञ्जका कुनै पनि ब्याट्सम्यानले दोहोरो अंकमा रन जोड्न सकेनन्।

४४ रनको लक्ष्य कचनकवलले ४.२ ओभरमा १ विकेट गुमाउँदै सजिलै पूरा गऱ्यो। कचनकवलका लागि दिपेश बोगटीले २ ओभरमा ८ रन खर्चेर ४ विकेट लिएर उत्कृष्ट प्रदर्शन गरे। उनी प्लेयर अफ द म्याच हुँदै नगद ३ हजार रुपैयाँ र ट्रफी पाए।

मंगलवारदेखि क्वार्टर फाइनलका खेलहरू सुरू हुने आयोजकले जनाएको छ। पहिलो क्वार्टरफाइनलमा झापा गाउँपालिका र बिर्तामोड खेल्नेछन् भने दोस्रो खेल कनकाई र भद्रपुर नगरपालिकाबीच हुनेछ।

प्रतियोगिताको विजेताले नगद १ लाख ५० हजार, मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेताले नगद ७५ हजारसहित मेडल, ट्रफी र प्रमाणपत्र पाउने आयोजक प्रतिष्ठानका अध्यक्ष मदन प्रसाईंले बताए।

# महोत्सवमा प्रवेश निःशुल्क



झापा(प्रस)। बिर्तामोडमा जारी बिर्तामोड अन्तर्राष्ट्रिय औद्योगिक व्यापार महोत्सवमा प्रवेश निःशुल्क बनाइएको छ। महोत्सवमा सहभागीलाई थप सहज बनाउन महोत्सव मूल आयोजक समितिले प्रवेश निःशुल्क बनाएको हो।

अपरान्ह ४ बजेसम्मका लागि महोत्सव स्थल प्रवेश गर्दा शुल्क नलिने निर्णय भएको बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपानेले बताएका छन्। ग्राहकलाई समेत मध्यनजर गर्दै प्रवेश शुल्क निःशुल्क बनाइएको हो अध्यक्ष न्यौपानेले भने - महोत्सवमा स्थानीयदेखि भारत, वंगलादेश, पाकिस्तानका व्यवसायीले समेत आफ्ना उत्पादन राखेकाले अवलोकन र खरिद बिक्रीका लागि सहज पुऱ्याउन महोत्सव निःशुल्क गरिएको हो। माघ ८ गतेदेखि जारी महोत्सव माघ १९ गतेसम्म सञ्चालन हुनेछ।

**योजना...**

आवश्यकताहरू र सम्भावनाको सटीक मूल्याङ्कन गर्न सकिँदैन। यसले नीतिहरूलाई वास्तविकता नजिक ल्याउँछ। तथ्याङ्कको अभावमा नीति निर्माण र योजना तर्जुमा केवल अनुमान र भ्रममा आधारित हुन सक्छ। यस्तो अवस्थामा, स्रोत साधनको अनावश्यक खपत र समाजका प्राथमिक क्षेत्रहरूको उपेक्षा हुने सम्भावना उच्च हुन्छ।

तथ्याङ्क उपयोग गर्ने तरिका

तथ्याङ्कलाई प्रभावकारी रूपमा उपयोग गर्नका लागि सावधानी अपनाउनु पर्छ। गोपनीयता र सुरक्षाः तथ्याङ्क सङ्कलन र प्रयोग गर्दा व्यक्तिगत गोपनीयता र सुरक्षाको पूर्ण ध्यान दिनुपर्छ। पारदर्शिताः तथ्याङ्क नागरिकसम्म सहज पहुँचयोग्य बनाउन पारदर्शिता कायम राख्नुपर्छ, जसले नीति निर्माणमा नागरिकको सहभागिता सुनिश्चित गर्छ। गुणस्तरीयताः तथ्याङ्क अद्यावधिक र सटीक हुनुपर्छ। गुणस्तरहीन तथ्याङ्कले नीति निर्माण प्रक्रियामा समस्या सिर्जना गर्न सक्छ।

सही तथ्याङ्क प्रयोग गरेर समस्या पहिचान गर्न, स्रोतको उचित वितरण गर्न, र प्राथमिकता निर्धारण गर्न सहज हुन्छ। कुन भूगोलमा पूर्वाधार निर्माण गर्नुपर्छ, मानव पुँजीमा लगानी कुन उमेर समूहमा केन्द्रित गर्नुपर्छ, र कुन क्षेत्रलाई विशेष स्रोतको आवश्यकता छ भन्ने जानकारी तथ्याङ्कले दिन्छ।

**तथ्यात्तको भूमिका**

तथ्याङ्कले नीति निर्मातालाई समाजका विभिन्न वर्गहरू र समूहहरूको आवश्यकता र चासो पहिचान गर्न सघाउँछ। उदाहरणका लागि जनसंख्याको स्वरूप र संरचना, शिक्षाको स्तर, स्वास्थ्य अवस्थाजस्ता तथ्याङ्कले नीति निर्माणलाई यथार्थपरक बनाउँछ। तथ्याङ्कको प्रयोगले भविष्यका सम्भावित समस्याजस्तै सहरीकरण, वातावरणीय जोखिम, र बेरोजगारीको पूर्वानुमान गर्न मद्दत गर्छ, जसले पूर्व तयारी गर्न सघाउँछ।

तथ्याङ्क नीति निर्माण र योजना तर्जुमा मात्र नभई यसको प्रभावकारी कार्यान्वयन र मूल्याङ्कनका लागि पनि आवश्यक हुन्छ। यो कुनै पनि नीति निर्माताका लागि यस्तो मार्गदर्शक हो, जसले निर्णयलाई सही दिशा दिन्छ। तथ्याङ्कको सही र जिम्मेवार प्रयोगले मात्र समाजका वास्तविक आवश्यकता र प्राथमिकतासँग मेल खाने नीति र योजना बनाउन सकिन्छ। दिगो विकास र समाजको समग्र प्रगतिका लागि तथ्याङ्कको महत्वपूर्ण भूमिका स्वीकार्नु पर्छ।

**उपयोगिता र थप व्याख्या**

तथ्याङ्क कुनै पनि देशको आर्थिक, सामाजिक, र वातावरणीय विकासका लागि एक आधारभूत साधन हो। यसले देशको वर्तमान अवस्था, चुनौती, र अवसरको स्पष्ट चित्रण प्रदान गर्छ। नीति निर्माण र योजना तर्जुमा गर्दा तथ्याङ्कलाई उपयोग गरेर विकासका सही प्राथमिकता निर्धारण गर्न सकिन्छ।

तथ्याङ्कले स्रोत साधनहरूको अधिकतम उपयोग सुनिश्चित गर्छ। उदाहरणका लागि, यदि कुनै क्षेत्रमा बेरोजगारीको दर उच्च छ भने त्यस क्षेत्रमा रोजगारी सिर्जना गर्ने कार्यक्रम लागु गर्न सकिन्छ। यस्तै, बाल मृत्युदर उच्च भएका स्थानमा स्वास्थ्य सेवा सुधार गर्न विशेष स्रोत परिचालन गर्न सकिन्छ। यसरी तथ्याङ्कले सीमित स्रोत साधनलाई सही स्थान र उद्देश्यमा उपयोग गर्न मद्दत गर्छ।

तथ्याङ्कबिना विकास अपूर्ण

तथ्याङ्कबिना कुनै पनि समस्या वा चुनौतीको वास्तविकता पहिचान गर्न कठिन हुन्छ। तथ्याङ्कको अभावमा नीति निर्माण केवल अनुमानमा आधारित हुन्छ। स्रोत साधनको अनावश्यक दुरुपयोग हुन सक्छ। प्राथमिकता निर्धारण गर्दा महत्त्वपूर्ण क्षेत्रहरू उपेक्षित हुन सक्छन्। योजनाको प्रभावकारिता मूल्याङ्कन गर्न कठिन हुन्छ। उदाहरणका लागि, शिक्षा क्षेत्रमा सुधारका लागि नीति निर्माण गर्दा विद्यालयमा भर्ना दर, शिक्षक र विद्यार्थी अनुपात, परीक्षा नतिजा, र झरेका विद्यार्थीको तथ्याङ्कबिना सही निर्णय लिन सकिँदैन।

**तथ्यात्तले दिने सत्तेत**

तथ्याङ्कले नीतिगत निर्णयहरूको प्रभावकारिता र नतिजा मापन गर्न मद्दत गर्छ। उदाहरणका लागि, कुनै योजना कार्यान्वयन भएपछि त्यसको प्रभाव मूल्याङ्कन गर्न तथ्याङ्क अपरिहार्य हुन्छ। योजना सफल भएको होकि असफल भएको हो भन्ने जानकारी तथ्याङ्कको विश्लेषणबाट मात्र प्राप्त हुन्छ।

तथ्याङ्क भनेको योजना र नीति निर्माणमा एक बलियो आधार हो। यो केवल निर्णयको माध्यम मात्र नभइ भविष्यको मार्गचित्र हो। सही, अद्यावधिक, र पारदर्शी तथ्याङ्कको उपयोगले मात्र दिगो विकासका लक्ष्यहरू हासिल गर्न सकिन्छ। त्यसैले, तथ्याङ्कको उपयोगितालाई नीतिगत निर्णय प्रक्रियामा प्राथमिकता दिनुपर्छ। यसले मात्र देशको समग्र विकास र जनताको जीवनस्तर सुधार गर्न सकिन्छ।

**योजना वर्षमा**

पहिलो- २०१३-१८ (५ वर्ष), दोस्रो २०१९-२२ (३ वर्ष), तेस्रो २०२२-२७ (५ वर्ष), चौथो २०२७-३२ (५ वर्ष), पाँचौ २०३२-३७ (५ वर्ष), छैटौं २०३७-४२ (५ वर्ष), सातौं २०४२-४७ (५ वर्ष), आठौं २०४९-४५ (५ वर्ष), नवौं २०४५-५९ (५ वर्ष), दशौं २०५९-६४ (५ वर्ष), एघारौ २०६४-६७ (३ वर्ष), बाह्रौ २०६७-७० (३ वर्ष), तेह्रौं २०७०-७३ (३ वर्ष), चौधौं २०७३-७६ (३ वर्ष), पन्ध्रौं २०७६-८१ (५ वर्ष)।

**सोह्रौ योजनाका दीर्घकालीन लक्ष्य**

सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तर आबद्धता। परिष्कृत तथा मर्यादित जीवन। मानव पुँजी निर्माण तथा सम्भावनको पूर्ण उपयोग। सुरक्षित, सभ्य र न्यायपूर्ण समाज। उच्च र दिगो उत्पादन तथा उत्पादन तथा उत्पादकत्व। स्वस्थ र सन्तुलित पर्यावरण। उच्च र समतामूलक राष्ट्रिय आय। सुशासन। सबल लोकतन्त्र। राष्ट्रिय एकता, सुरक्षा र सम्मान।

**सुधारको प्रयास**

१६ औं योजना २०८१/८२-२०८५/८६ अहिले कार्यान्वयनको अवस्थामा छ। यस योजनामा समष्टिगत दृष्टिकोण अपनाएर विकासका विभिन्न क्षेत्रबिचको समन्वय र सम्बन्धलाई प्राथमिकता दिइएको छ। १४ वटा विषयगत क्षेत्रहरू पहिचान गरी तिनको बिचको सहकार्य र सम्भावित द्वन्द्वलाई सम्बोधन गर्ने प्रयास गरिएको छ। यसले नीति निर्माणलाई प्रभावकारी बनाउन र स्रोतको अधिकतम उपयोग सुनिश्चित गर्न लक्ष्य राखेको छ।

१६ औं योजनाको प्रमुख विशेषता भनेको "थीमेटिक एप्रोच" हो। जसले क्षेत्रीय योजना र विषयगत प्राथमिकताबिचको अन्तरसम्बन्धलाई स्पष्ट रूपमा चित्रित गर्ने प्रयास गर्छ। तर, चुनौती भनेको क्षेत्रीय मन्त्रालय र विषयगत प्राथमिकता बिचको समन्वय सुनिश्चित गर्नु हो। कार्यान्वयनको क्रममा यस्ता योजना प्रायः संस्थागत कमजोरी, राजनीतिक अस्थिरता र स्रोतहरूको दूरुपयोगको शिकार हुन्छन्।

नेपालका विकास योजनाहरूमा दीर्घकालीन सोच र रणनीतिहरू समेटिने भए पनि तिनको कार्यान्वयनमा निरन्तरता र प्रभावकारिता अभाव देखिन्छ। धेरैजसो योजना महत्वाकांक्षी लक्ष्यहरू तोकेर मात्र सीमित हुने गरेका छन्। योजना निर्माणका क्रममा तथ्याङ्कको कमी, स्थानीय तहको समावेशीकरणको अभाव, र कार्यान्वयन प्रक्रियामा देखा पर्ने संरचनात्मक समस्या समाधान गर्नेतर्फ कम ध्यान दिइएको छ।

१६ औं योजनाले विषयगत क्षेत्रबिचको समन्वय र स्रोतको प्रभावकारी प्रयोगको महत्वलाई आत्मसात् गरे पनि यसलाई सफल बनाउन संघीयता, संस्थागत क्षमता, र सुशासनलाई प्राथमिकता दिनु जरुरी छ। योजना मात्र पर्याप्त छैन, त्यसको प्रभावकारी कार्यान्वयन र दिगो प्रभाव सुनिश्चित गर्नु साँचो विकास हो।

**निष्कर्ष**

योजनाका सफलताले नेपाललाई समाजवाद उन्मुख दिगो विकासको मार्गमा अघि बढाउन मद्दत गर्नेछ। नेपालको विकास योजनाले देशलाई आर्थिक विकास र सामाजिक रूपान्तरणको मार्गमा अघि बढाउने उद्देश्य लिएका छन्। १५ औं र १६ औं योजना दुवैका लक्ष्य महत्वाकांक्षी र देशको आवश्यकताअनुरूप भए पनि तिनको सफलता कार्यान्वयन प्रक्रियामा निर्भर छ। त्यसैले, योजना निर्माण मात्र होइन, तिनको प्रभावकारी कार्यान्वयन र त्यसको अनुगमनलाई विशेष ध्यान दिनुपर्छ।

# पूर्वप्रधानमन्त्री प्रचण्डद्वारा चोत्लुङ पार्क अवलोकन

झापा(प्रस)। पूर्वप्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले तेह्रथुमको लालीगुँरास नगरपालिकास्थित वसन्तपुरमा रहेको चोत्लुङ पार्कको अवलोकन गरेको छ।

रैथाने वास्तु शैलीमा निर्माण गरिएको पर्यटकीयस्थल चोत्लुङ पार्कको दाहालले आज अवलोकन गरेका हुन्। पार्कको अवलोकनपछि उनले कङ्क्रिटको प्रयोग नगरी परम्परागत शैलीमा निर्माण गरिएको चोत्लुङ पार्कको प्रशंसा गरे।

लालीगुराँस नगरपालिकाको पहलमा निर्माण सुरू गरिएको पार्कमा युमा संग्रहालय पनि रहेको छ। पार्क एक सय रोपनीभन्दा बढी क्षेत्रफलमा फैलिएको लालीगुराँस नगरपालिकाका नगर प्रमुख अर्जुन माबुहाङले बताए।

प्रचण्ड जिल्लास्तरीय राजनीतिक प्रशिक्षणको सिलसिलामा तेह्रथुम आएको प्रदेशसभा सदस्य तथा नेकपा (माओवादी केन्द्र)का नेता दुर्गाप्रसाद चापागाईंले जानकारी दिए।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस्।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्कः**
**फोनः ०२३-५४०४७८**
**मोः ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आईः ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** वाणीमा कुशलता आउने दिन परेको छ। यात्रा गर्ने अवसर पनि जुट्नेछ।

**वृष** घरायसी वातावरणमा केही असामान्यता देखिन सक्छ।

**मिथुन** धन सञ्चयको अवसर प्राप्त हुनेछ। आजको दिन मनोरञ्जनपूर्ण रहनेछ।

**कर्कट** आज परीक्षा आदि प्रतिस्पर्धामा उत्तीर्ण हुन सकिनेछ।

**सिंह** आज सामाजिक सेवा गर्ने अवसरले मानप्रतिष्ठा बढाउनेछ।

**कन्या** मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ। आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ

**तुला** बनिसकेको काममा दुबिधा उत्पन्न हुन सक्छ। भोजभतेरमा स्वास्थ्यको ख्याल गर्नुहोला।

**वृश्चिक** काम दोहोर्याएर गर्दा फाइदा हुन सक्नेछ।

**धनु** आज घर व्यवहारमा झमेला आउनसक्छ। मनमा दुबिधा उत्पन्न हुनेछ।

**मकर** अध्ययनअध्यापनको क्षेत्रमा प्रगतिको खबर सुन्न पाउनु हुनेछ। मित्रबाट विशेष सहयोग

**कुम्भ** आज सन्तान तथा परिवारमा मेलमिलाप हुनेछ। आर्थिक कारोबारमा मन्दी आउनेछ

**मिन** करियरको क्षेत्रमा मन मिल्ने साथीको सुझावले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ